आज मिति २०८३ साल असार १२ गतेका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ६२ औं बैठक आकस्मित रुपमा साझ ५ बजे देहाय बमोजिमको उपस्थितिमा वसी निम्नानुसारका निर्णय गरियोः

उपस्थिति

| क्र. सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री.विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (नि. प्रमुख प्रशासकीय अधिकृत) | श्री प्रेम प्रसाद सापकोटा | |

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नगर कार्यपालिकाको ६२ औं बैठकका प्रस्ताव सूची

मितिः २०८३।०३।१२

१. नगरपालिकाको प्रशासकीय भवनको म्याद थप सम्बन्धमा।

२. विविध।

नि.प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
२०७३

## निर्णयहरु

**प्रस्ताव नं. १** नगरपालिकाको प्रशासकीय भवनको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं १ माथि छलफल गर्दा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि ठेक्का नं. JM/BAGLUNG/NCB/WR/03/2078/79 अन्तर्गत मिति २०७८।१०।२१ गते यस पालिका र निर्माण व्यवसायी रविना-प्राकृतिक-जुगल जे.भी काठमाण्डौबीच मिति २०८१।०९।१६ भित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको। हाल उक्त सम्झौता अवधिमा म्याद थप भै मिति २०८३।०३।१५ सम्म म्याद कायम रहेको। यस अवधिसम्म भौतिक प्रगति करिव ७० प्रतिशत भएको। हाल कायम सम्झौता अवधिसम्म विभिन्न कारणहरुले गर्दा कार्य सम्पन्न हुन नसकिने र सम्पन्न गर्न हाराहारी थप ६ महिना लाग्ने जानकारीका साथ नयाँ कार्यतालिका संलग्न गरी म्याद थप गर्न अनुरोध सहित निर्माण व्यवसायीबाट मिति २०८३।०२।२१ मा पालिकामा निवेदन पेश भएको।

प्रस्तुत सन्दर्भमा, कार्यालयको म्याद थप सम्बन्धी मिति २०८३।०३।१० मा तयार पारिएको प्राविधिक प्रतिवेदन तथा शिफारिस समेतको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र ऐ. नियमावली २०६४ (चौधौं संशोधन) को दफा १२० बमोजिम प्रस्तुत ठेक्काको म्याद २०८३ कार्तिक १५ गतेसम्म (चार महिना) थप गर्ने निर्णय गरियो।

नि.प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय, जैमिनी, बागलुङ २०७३

CamScanner